बैठक संख्या :- ३६ औं.

आज मिति २०८१/१०/१४ गते सोमवारका बिगु गाउँपालिका अध्यक्ष श्री संजिव ओलीज्यूको अध्यक्षतामा सम्पूर्ण कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायबमोजिमका प्रस्तावहरुमा छलफल गरी देहायबमोजिमको निर्णय गरियो ।

तपशिल

| | | | |
|---|---|---|---|
| १. | श्री संजिव ओली | : अध्यक्ष | |
| २. | श्री देविका थामी | : उपाध्यक्ष | |
| ३. | श्री मेम बहादुर तमाङ | : १ नं. वडा अध्यक्ष | |
| ४. | श्री दिपक ठकुरी | : २ नं. वडा अध्यक्ष | |
| ५. | श्री ढाल बहादुर तमाङ | : ३ नं. वडा अध्यक्ष | |
| ६. | श्री रामचन्द्र खडका | : ४ नं. वडा अध्यक्ष | |
| ७. | श्री काले शेर्पा | : ५ नं. वडा अध्यक्ष | |
| ८. | श्री टहल बहादुर थामी | : ६ नं. वडा अध्यक्ष | |
| ९. | श्री दल बहादुर श्रेष्ठ | : ७ नं. वडा अध्यक्ष | |
| १०. | श्री हिरा थामी | : ८ नं. वडा अध्यक्ष | |
| ११. | श्री छिरिङवाङ्दे शेर्पा | : कार्यपालिका सदस्य | |
| १२. | श्री लोक बहादुर नेपाली | : कार्यपालिका सदस्य | |
| १३. | श्री ज्योतीमाया थामी | : कार्यपालिका सदस्य | ज्योती |
| १४. | श्री मैया नेपाली | : कार्यपालिका सदस्य | |
| १५. | श्री गोमा के.सी. | : कार्यपालिका सदस्य | |
| १६. | श्री टलमाई तमाङ | : कार्यपालिका सदस्य | |
| १७. | | : सदस्य सचिव | टलमाई |
| १८. | | | |

रोजगार सेवा केन्द्र संग सम्बन्धित

प्रस्तावहरु

प्रस्ताव नं.१. प्र.म.रो.का.को सीप विकास तालिम संचालन गर्न वडा छनौट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२. सडक बोर्ड नेपाल मार्फत प्राप्त बजेट कार्यान्वयनका लागि स्वीकृति सम्बन्धमा ।

प्रस्ताव नं.३. वडा नं.७ को कार्यालय भवन धरौटी रकम कट्टा गरी समितिबाट निर्माण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४. आश्विन १२ गतेको विपदबाट भएको क्षति मर्मत कार्य गर्ने सम्बन्धमा ।

संजीव ओली
अध्यक्ष

विगु गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

लादुक, दोलखा

मिति २०८१/१०/१४ गते बसेको ३६ औं कार्यपालिका बैठकको प्रस्तावहरु

प्रस्ताव नं १. प्र.म.रो.का.को सीप विकास तालिम संचालन गर्न वडा छनौट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं २. सडक बोर्ड नेपाल मार्फत प्राप्त बजेट कार्यान्वयनका लागि स्वीकृति सम्वन्धमा ।

प्रस्ताव नं ३. वडा नं.७ को कार्यालय भवन धरौटी रकम कट्टा गरी समितिबाट निर्माण गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ४. आश्विन १२ गतेको विपदबाट भएको क्षति मर्मत कार्य गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ५. सिगटी विगु गा.पा. सडक स्तरोन्नति कार्यको लागि बजेट व्यवस्थापन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ६. डडुवा खोला चित्रे खा.पा. आयोजना काम सम्पन्न नगर्ने छितामाई कन्स्ट्रशन प्रा.लि.लाई कार्यवाही गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ७. वडा नं. १ को वडा कार्यालय र गोगनेश्वरी प्रा.वि. जग्गा व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं ८. गा.पा.ले जग्गा वर्गिकरणको लागि मालपोत कार्यालयबाट आवश्यक कागजात माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ९. लघु जलविद्युत नविकरण सम्बन्धमा ।

प्रस्ताव नं १०. वडा नं. ७ को फर्निचर व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं ११. झो.पु. मर्मत सम्बन्धमा ।

प्रस्ताव नं १२. प्रशासनिक र आर्थिक अधिकार प्रत्यायोजन सम्बन्धमा ।

प्रस्ताव नं १३. पूर्वाधार व्यवस्थापन सम्वन्धी ऐन, २०७९ संसोधन सम्बन्धमा ।

प्रस्ताव नं १४. आलम्पु र खोपाचागु वृहत खानेपानी सम्बन्धमा ।

प्रस्ताव नं १५. पूर्ववत योजना र लागत संकलन तथा योजना बैंक सम्बन्धमा ।

प्रस्ताव नं १६. गाउँसभाबाट पारित ऐन राजपत्रमा प्रकाशन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं १७. प्रदेश सरकारबाट प्राप्त ढाका बुनाइ कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं १८. विपद स्वयंसेवक सम्बन्धमा ।

प्रस्ताव नं १९. कवाडी सामग्री ठेक्का सम्बन्धमा ।

प्रस्ताव नं २०. लेखा समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं २१. फोहोर मैला व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं २२. शिक्षक छनौट परिक्षा सम्बन्धमा ।

प्रस्ताव नं २३. घ वर्गको कम्पनी दर्ता सम्बन्धमा ।

प्रस्ताव नं २४. राष्ट्रपति रनिङ शिल्ड सम्बन्धमा ।

प्रस्ताव नं २५. सिंगटी विगु गाउँपालिका सडक स्तरोन्नती सम्बन्धमा ।

संजीव खतिवडा

प्रस्ताव नं २६. Premix Overlaying works at Singati Bazzar को प्राविधिक डिजाईन र मुल्यांकन अनुसार रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं २७. Singati-Interface JV को रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं २८. शिक्षक खेलकुद सम्बन्धमा ।

प्रस्ताव नं २९. गाउँसभा सम्बन्धमा ।

प्रस्ताव नं ३०. फेल्दार, बुलुक्पा, सडक स्तरोन्नती योजना सम्बन्धमा ।

प्रस्ताव नं ३१. समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं ३२. तहबृद्धि सम्वन्धमा ।

प्रस्ताव नं ३३. LISA/FRA सम्बन्धमा ।

संजीव ओली
अध्यक्ष

# विगु गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## लादुक, दोलखा

मिति २०८१/१०/१४ गते बसेको..३६....औं कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं १. प्रस्ताव नं. १ मा छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमको सीप विकास सम्बन्धी सडक मर्मत सम्भार तालिम विगु गा पा वडा नं ७ र प्लम्बर तालिम विगु गाउँपालिका वडा नं ६ आलम्पु एवं वडा नं ८ खोपाचागुमा संचालन गर्ने निर्णय गरियो ।साथै तालिममा प्रत्येक वडाको प्राथमिकताक्रमको सूचिमा रहेको सूचिकृत लाभग्राहीहरुलाई सहभागी गराई तालिम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं २. प्रस्ताव नं. २ मा छलफल गर्दा सडक बोर्ड नेपाललाई योजना छनौट गरी पठाईएको र छनौट गरी पठाएको योजनामा गाउँपालिकाले २० प्रतिशत रकम साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं ३. प्रस्ताव नं. ३ मा छलफल गर्दा यस गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को ठेक्का नं BRM/NCB/BUILDINGS/DOLAKHA /07/079/80 Wada Karyalaya Bhawan Nirman wada No.7 का लागि श्री छितामाई कन्ट्रक्सन प्रा. लि. छनौट भई सम्झौता बमोजिम २०८० असार मसान्तमा काम सम्पन्न गरेको र Defect liability period (DLP) को म्याद २०८१ श्रावन मसान्त सम्म रहेको सोहि अवधिमा उक्त भवनको मर्मत सम्भार गर्नुपर्ने भएकाले सो भवनको मर्मत सम्भारको लागि पटक पटक श्री छितामाई कन्ट्रक्सन प्रा. लि.लाई पत्राचार गर्दा पनि कुनै कार्य तथा प्रतिक्रिया नजनाएकोले वडा कार्यालय तत्काल संचालनमा ल्याउनको लागि उक्त कन्ट्रक्सन कम्पनीको धरौटी रकम कट्टा गरी मर्मत सम्भारको काम स्थानीय उपभोक्ता समिति मार्फत गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं ४. प्रस्ताव नं. ४ मा छलफल गर्दा २०८१ साल आश्विन ११ र १२ गतेको अविरल बर्षातका कारणबाट उत्पन्न विपदको प्राविधिक प्रतिवेदनको आधारमा क्षतिको मूल्याङ्कन गरी मर्मत सम्भार गर्ने निर्णय गरियो ।

निर्णय नं ५. प्रस्ताव नं. ५ मा छलफल गर्दा सिगटी विगु गाउँपालिका सडक स्तरोन्नति गर्नको लागि आगामी गाउँसभा मार्फत प्राविधिक कार्यसम्पादन प्रतिवेदन आधारमा बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं ६. प्रस्ताव नं. ६ मा छलफल गर्दा यस गाउँपालिकाको आ व २०८०।०८१ ठेक्का नं BRM/NCB/KHANEPANI/DOLAKHA/03/2080/81 का लागि श्री छितामाई कन्ट्रक्सन प्रा ली छनौट भई सम्झौता बमोजिम २०८० असार १५ सम्म कार्य सम्पन्न हुनेगरी कार्य संचालन गर्ने कार्यदिश दिएकोमा पटक/पटक सम्पर्क तथा पत्रमार्फत जानकारी गराई सुझाव दियता पनि समयमा काम सम्पन्न गर्न ठोस पहल

संजीव थोकी
अध्यक्ष

नगरी काम अलपत्र पारेकाले सम्झौताको GCC-55 र Sepcial condition of Contract (SCC) को GCC-55.1 मा उल्लेख भए अनुसार त्यस कम्पनीले Liquidated damages बापतको रकम तिरेर बाँकी कार्य गर्नुपर्ने व्यवस्था भएता पनि उक्त योजना शसर्त अनुदान अन्तर्गत रहेको र ठेकेदार कम्पनीको कार्य प्रगति सन्तोषजनक नभएकोले उक्त कम्पनीलाई कार्यबाही गरी कालोसूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाण्डौमा पत्राचार गर्ने र विगु गाउँपालिकाले आफ्नो गाउँपालिका भित्रको कुनै पनि कार्य २ वर्ष सम्म गर्न नपाउने गरी कार्यबाही गर्ने निर्णय गरियो ।

निर्णय नं ७. प्रस्ताव नं. ७ मा छलफल गर्दा यस विगु गाउँपालिका वडा नं १ को वडा कार्यालय भवन तथा गोगनेश्वरी प्रा.वि.को भवन निर्माणको लागि संरक्षण क्षेत्र व्यवस्थापन समिति चक्रवात जम्दुपताल संरक्षण वन व्यवस्थापन उप समिति लामाबगरको नाममा रहेको जग्गा प्रासिको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं ८. प्रस्ताव नं. ८ मा छलफल गर्दा यस गाउँपालिका क्षेत्र भित्रको जग्गा वर्गिकरणको लागि मालपोत कार्यालयबाट आवश्यक कागजात (फिल्ड नक्सा) माग गरी अध्ययन तथा वर्गिकरणको लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं ९. प्रस्ताव नं. ९ मा छलफल गर्दा यस गाउँपालिका भित्र रहेका लघु जलविद्युतहरु नविकरण गर्ने निर्णय गरियो ।

निर्णय नं १०. प्रस्ताव नं. १० मा छलफल गर्दा विगु गाउँपालिका वडा नं ७ को वडा कार्यालय स्वास्थ चौकिको भवनबाट संचालन भईरहेकोमा हाल वडा कार्यालयको आफ्नै नयाँ भवन निर्माण सम्पन्न भएकोले उक्त वडा कार्यालय व्यवस्थापनको लागि आवश्यक फर्निचर गर्ने निर्णय गरियो ।

निर्णय नं ११. प्रस्ताव नं. ११ मा छलफल गर्दा विगु गाउँपालिका वडा नं ५ चिलंखा र वडा नं ८ खोपाचागु जोड्ने सोरुङखोला झोलुङ्गे पुलको नजिकै पक्की पुल निर्माण भएको र उक्त स्थानमा झोलुङ्गे पुलको आवश्यकता नरहेकोले सो स्थानको झोलुङ्गे पुलको प्रयोग गर्न मिल्ने सामग्री स्थानान्तरण गरी यसै विगु गाउँपालिका वडा नं ५ चिलंखाको गोलेपा र वडा नं ८ को आमडथली जोड्ने आमाडथाली खोलामा झोलुङ्गे पुल निर्माण गर्नको लागि निर्माणाधिन साँगुखोला जलविद्युत आयोजनालाई स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं १२. प्रस्ताव नं. १२ मा छलफल गर्दा यस विगु गाउँपालिकामा विगत लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृतको पद रिक्त रहेकोले आर्थिक एवं प्रशासनिक काम समेत ठप्प भएको हुँदा स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम यस गाउँपालिकाको सिनियर कर्मचारीलाई आर्थिक अधिकार सहितको नि.प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो साथै अधिकार

संजीव आले
अध्यक्ष

प्रत्यायोजनको लागि संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं १३. प्रस्ताव नं. १३ मा छलफल गर्दा यस गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७९ संसोधनका लागि आगामी गउँसभामा पेस गर्ने निर्णय गरियो ।

निर्णय नं १४. प्रस्ताव नं. १४ मा छलफल गर्दा विगु गाउँपालिका वडा ६ आलम्पु र वडा नं ८ खोपाचागु वृहत खानेपानी योजना अन्तर्गत यस आ.ब.मा विनियोनित रकमबाट प्राविधिक लागत अनुमान तथा मूल्याङ्कनको आधारमा आवश्यक पाईप खरिद तथा डिस्ट्रीब्यूटर च्याम्वर निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं १५. प्रस्ताव नं.१५ मा छलफल गर्दा विगु गाउँपालिका भित्र हालसम्म सम्पन्न भएका योजनाहरुको लगत संकलन गर्ने र सो योजनाहरुको विश्लेषण गरी आगामी वर्षको लागि योजना बैंक निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं १६. प्रस्ताव नं. १६ मा छलफल गर्दा यस गाउँपालिकाको गाउँसभाबाट हाल सम्म पारित गरिएका सम्पूर्ण ऐन, कानुनहरुलाई राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं १७. प्रस्ताव नं. १७ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत प्रदेश सरकारबाट प्राप्त बजेटबाट विगु गाउँपालिका वडा नं ५ चिलंखामा ढाका वुनाइ कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं १८. प्रस्ताव नं. १८ मा छलफल गर्दा यस गाउँपालिका भित्र हुने विभिन्न विपद तथा जोखिम न्यूनिकरण र व्यवस्थापनको लागि विपद स्वयंसेवक आवश्यकता हुने भएकोले सोही अनुसार दरखास्त आवह्रान गर्ने निर्णय गरियो।

निर्णय नं १९. प्रस्ताव नं. १९ मा छलफल गर्दा यस गाउँपालिकाबाट संकलन हुने निकासी कर तथा राजस्व संकलनको लागि आय ठेक्का बोलपत्र अव्ह्रान गर्ने निर्णय गरियो ।

निर्णय नं २०. प्रस्ताव नं. २० मा छलफल गर्दा विगु गाँउपालिकाको लेखा समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

गाउँपालिका लेखा समिति

१. लोक वहादुर नेपाली- संयोजक

२. मेम्बा तामाङ- सदस्य

३. गोमा के सी - सदस्य

निर्णय नं २१. प्रस्ताव नं. २१ मा छलफल गर्दा विधायन समितिले तयार गरेको फोहोरमैला व्यवस्थापन ऐन, २०८१ लाई अनुमोदनको लागि गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

निर्णय नं २२. प्रस्ताव नं.२२ मा छलफल गर्दा शिक्षा शाखाको शाखा प्रमुख सरुवा भइ गएकोले सो शाखामा शाखा प्रमुख सरुवा भइ नआएसम्मको लागि शिक्षक छनौट सम्बन्धी कार्य सो शाखाको समन्वयमा प्र.प्र.अ.को रोहवर तथा शिक्षा शाखामा कार्यरत कर्मचारीहरुलाई आमन्त्रित सदस्य राखी र विषयगत विज्ञहरुको उपस्थितिमा परीक्षा संचालन गर्ने निर्णय गरियो ।

संजीव ओली
अध्यक्ष

निर्णय नं २३. प्रस्ताव नं. २३ मा छलफल गर्दा यस गाउँपालिकामा प्रक्रिया पुरा गरी घ वर्गको कम्पनी दर्ताको लागि निवेदन पेश गरेका तपसिलका निवेदकहरुलाई कम्पनी दर्ता प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो ।

(क) श्री प्रज्ञा श्री हाइड्रो कन्स्ट्रशन एण्ड सप्लायर्स प्रा.लि.,विगु-२, ओराङ ।

(ख) श्री कला बिल्डिङ्ग एण्ड कन्स्ट्रशन प्रा.लि., काठ्माडौं-३१

निर्णय नं २४. प्रस्ताव नं.२४ मा छलफल गर्दा यस गाउँपालिकाको आ.ब.२०८१।०८२ मा विनियोजन भएको रकमबाट पालिका स्तरीय राष्ट्रपति रनिङ सिल्ड संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं २५. प्रस्ताव नं.२५ मा छलफल गर्दा सिंगटी विगु गाउँपालिका सडक स्तरोन्नतिको भुक्तानी बाँकी रहेको छुट रकम बजेट व्यवस्थापनको लागि गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

निर्णय नं २६. प्रस्ताव नं. २६ मा छलफल गर्दा उपभोक्ता समितिले कार्य सम्पन्न गरेको आ.ब.२०८०/८१ को Premix Overlaying works at Singati Bazzar को प्राविधिक डिजाईन र मुल्याङ्कन अनुसार रकम भूक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २७. प्रस्ताव नं. २७ मा छलफल गर्दा Singati-Interface JV ले पूर्वाधार सुपरभिजन परामर्श सेवा यस कार्यालयलाई प्रदान गरेवापतको बजेट विनियोजनका लागि आगामी गाउँसभामा प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

निर्णय नं २८. प्रस्ताव नं. २८ मा छलफल गर्दा शिक्षक खेलकुद शीर्षकमा आगामी गाउँसभाबाट बजेट विनियोजनका लागि प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

निर्णय नं २९. प्रस्ताव नं. २९ मा छलफल गर्दा यस गाउँपालिकाको हिउँदे अधिवेशन २०८१ साल माघ २२ गते संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ३०. प्रस्ताव नं. ३० मा छलफल गर्दा यस गाउँपालिकाको फेल्दार, बुलुक्पा, सडक स्तरोन्नति योजनाको विनियोजित बजेट रकम संसोधनको लागि गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

निर्णय नं ३१. प्रस्ताव नं. ३१ मा छलफल गर्दा समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम संचालनको लागि प्रदेश सरकारबाट वडा नं ५, चिलंखामा चौरीपालन शीर्षकमा चालिस लाख विनियोजन भएको र समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को दफा ११ मा भएको लगानीको ढाँचा अनुसारको व्यवस्था हुनेगरी गाउँपालिकाले लगानी साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं ३२. स्थानिय सेवा गठन तथा संचालन ऐन २०७९को दफा ३० मा व्यवस्था भए बमोजिम प्रशासन सेवा लेखा समुह लेखापाल पदमा कार्यरत कर्मचारी विश्वज्योति कोईरालालाई २०८१ माघ १ देखि सहायक लेखा अधिकृत स्तर छैटौ तहमा तहवृद्धि गर्ने निर्णय गरियो।

संजीव ओली
अध्यक्ष

गाउँ कार्यपालिका
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं ३३. आर्थिक वर्ष २०८०/८१ को विगु गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्यांकन (LISA) र स्थानिय तह वित्तीय सुशासन जोखिम मुल्याङ्कन (FRA) को अन्तिम नतिजा सार्वजनिक गर्नको लागि अनुमोदन गरियो ।

संजीव आ
अध्यक्ष